## मुड्केचुला गाउँपालिका

# आ.व. २०७५।०७६

खण्ड : २०७५ | मिति : २०७५/०५/०१

प्रमाणीकरण मिति : २०७५।३।१०

# मुड्केचुला गाउँपालिकाको आर्थिक ऐन तथा विनियोजन ऐन र बार्षिक निती तथा कार्यक्रम,२०७५

मुडकेचुला गाउँपालिकाको तस्रो गाउँसभाको सभाअध्यक्ष,प्रमुख अतिथि , बिशेष अतिथि
उपस्थित सर्म्पुण अतिथिगण,
गाउँसभाका सदस्यहरु,
सर्म्पुण कर्मचारीहरु तथा
उपस्थित सम्पुर्ण बुवा,आमा,दाजु ,भाई तथा दिदीबहिनीहरु ।

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघियता कार्यन्वयनमा आएको छ। लामो समयसम्मको आम नेपाली जन्ताको प्रतिक्षा,दश बर्षे सशस्त्र संघर्ष,२०६२/६३ को जनआन्दोलन ,मधेश आन्दोलनबाट स्थापित व्यवस्थाले संविधान सभाको निर्वाचन भई जन्ताको प्रतिनिधिले नै संविधान निर्माण गरी हाल तपाई हामी समक्ष कार्यवयन्यनमा रहेको छ।

संविधानले सुनिश्चित गरेको प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानिय तहको निर्वाचन २०७४ सम्पन्न भईसकेर आज हामी मुडकेचुला गाउँपालिकामा स्थानिय सरकारको रुपमा रही यो कार्यक्रममा तेस्रो पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्ष विभोर भएका छौ ं। देशलाई यस स्थितीमा ल्याई पुर्याउन आफनो प्राणेत्सर्ग गर्ने महान सहिदहरु,जनआन्दोदलनका घाइतेहरु ,द्वन्द्धपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघिय स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई सम्झन चाहन्छौं। संघियता र स्थानिय सरकार मार्फत गाउँ गाउँमा सिंहदरवार,आफनो गाउँ आफै बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काधँमा आएको छ ।यो हाम्रो लागी अवसर र चुनौती दुवै हो। अधिकार,श्रोत साधन,बजेट,उतरदायित्व र जवाफदेहिता समेत स्थानिय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ , जुन स्वागत योग्य छ ।
उपस्थित सम्पुर्ण महानुभावहरु,

अब म यस मुडकेचुला गाउँपालिकाको निती तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चहान्छु ।

१. आगामी दिनहरुमा मुडकेचुला गाउँपालिकाको स्थानिय सरकारले विकट भौगालिक अवस्थितिमा रहेका यस गाउँपालिकाका सर्वसाधारण जन्तालाई प्रत्यक्ष सहभागी गराउने,मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिबिधिहरु सञ्चालन गरी यस क्षेत्रका जन्ताको चरम गरिवि न्युनिकरण गर्ने प्रमुख नीति लिएको छ।
२. डोल्पा सदरमुकामबाट ४३ कोष टाढा रहेको यस बिकट भुभागमा मानिस हिड्ने सजिलो नभएको ,विभिन्न भीरदेखि पाखा काटेर आउनुपर्ने अवस्था यहाँहरुलाई आवगवत नै छ।यस क्षेत्रको जनजिवन जुम्ला र जाजरकोटसँग प्रत्यक्ष रुपमा सम्बधित रहेको र नेपाल सरकारको केन्द्रिय नीति अनुरुप नै यि जिल्लाहरुमा सडक सुविधा विस्तार गर्ने कुरामा हामी प्रतिबद्ध छौं जस्ले गर्दा हाम्रो व्यापार प्रवर्द्धन हुनुका साथै यस क्षेत्रका जन्ताको आधारभुत आवश्यकता पुरा गर्न वजार व्यवस्था भई पुजी परिचालनमा समेत ठोस मद्दत पुग्ने विश्वास लिइएको छ । यसका साथै गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरुलाई विस्थापीत गर्दै झुलुङ्गेपुल निर्माण तर्फ ध्यान केन्द्रित गरिने छ ।
३. मुड्केचुला गाउँपालिकामा कृषिअन्न तथा वालिहरु उत्पादनका लागि मौसम अनुकुल रहेको छ । माथिल्लो भागमा वर्षाको केही महिना हिउ जम्ने, जनताहरु पनि मौसमी रुपमा वसाई सराई गर्ने गरेका

अवस्थामा यस क्षेत्रका अनुकुल समयमा उत्पादन हुने आलु, जौ ,उवा, फापर लगाएतका अन्नको उत्पादन वढाउने तर्फ आवश्यक कृषि कार्यक्रमहरु ल्याइने छ । जनताको खाद्य सुरक्षाको अधिकारलाई सार्थकता दिन यस क्षेत्रमा नेपाल सरकारले दिदै आएका खाद्यन्न अनुदानको कोटालाई वढाउन र गाईको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नका साथै निर्यात गर्ने तर्फ कार्यक्रमहरु ल्याइने छ।

४. मुड्केचुला गाउँपालिकाका सम्पूर्णक्षेत्र नेपालको उत्कृष्ट पर्यटकीय गन्तव्य निर्माण गर्नका लागि हाम्रो ध्यान केन्द्रित हुनु छ । जसका लागि यस गाउँपालिका भित्र रहेका मठ मन्दिर पाटी पौवाहरुको संरक्षण तथा प्रवर्धन गर्ने निति लिइने छ । राष्ट्रिय तथा स्थानीय पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको सुधार गर्ने, होटेल तथा अन्य उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने, सेल्टर हाउस निर्माण गर्ने, पद यात्रीहरुको जानकारी सहितका वोर्डहरु राख्ने कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरिने छ । यस क्षेत्रको साँस्कृतिक तथा स्थानीय कला कृति तथा ऋति रिवाजको राष्ट्रिय तथा अन्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गनका लागि डकुमेन्ट्रि निर्माण गर्ने, सामाजिक संजालवाट प्रचार प्रसार गर्ने तथा राष्ट्रिय टेलीभिजनवाट प्रसारण गर्ने लगाएतका कार्यक्रमहरु सम्पन्न गरिने छ ।

५. उर्जा विकासका महत्वपूर्ण पूर्वाधार हो। यस गाउँपालिकाका क्षेत्रभित्र विगतमा सौर्य वत्ति तथा सुधारियको चुलोको प्रयोग व्यापक रुपमा गरिएको छ, जुन असाध्यै सहानीय छ , वातावरण मैत्री उर्जाको प्रयोग मार्फत यस गाउँपालिकालाई समृद्ध वनाउन प्रयासरत सम्पूर्ण दातृ संख्या, नेपाल सरकार, कर्णाली उज्यालो कार्यक्रम, यस क्षेत्रका सम्पूर्ण जनता तथा सरोकारवालाहरुलाई धन्यवाद समेत व्यक्त गर्न चहान्छु । आगामी दिनमा श्रोत विपन्न जनताहरुलाई सौर्य वत्ति वितरण गर्ने, सुधारिएको धुवा रहित चुलो वितरण गर्ने र साना जल विद्युतको विकासमा गाउँपालिका र स्थानीय सहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु ल्याइने छ ।

६. विगतमा यस क्षेत्रमा संचालनमा रहेका लघुजलविद्युत आयोजनाहरुलाई पूर्ण रुपमा संचालनमा ल्याई स्थानीय जनतालाई विद्युत उपभोगको प्रवन्ध मिलाउने तर्फ उर्जा मन्त्रालय, नेपाल विद्युत प्राविधिकरण तथा अन्य दातृ निकायहरुसँग सहकार्य गरी यस गाउँपालिकाको अवको पाइला साना जलविद्युत उत्पादन तर्फ केन्द्रित हुनेछ । यसका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

७. आजको युग सुचना र सञ्चारको युग हो। यो गाउँपालिका सञ्चारबिहिन भएको लामो समय भइसकेको छ । जडान भइसकेको VSAT प्रविधिका अधिकांश टेलिफोन केन्द्रहरु चालु अवस्थामा छैनन्। जडान भएका टेलिफोनहरु चालु अवस्था ल्याउनका लागि नेपाल टेलिकमसँग ताकेता गरिएको छ। यस तर्फ कम्तीमा पनि एउटा वडामा एउटा टेलिफोन जडान गर्ने तर्फ आवश्यक पहलकदमी गरिनेछ। बीकट भुगोलमा ईन्टरनेट सहितको सुचना प्रविधिका विकाश सम्भावनाबारे राष्ट्रिय अविष्कार केन्द्रका प्रमुख महाविर पुनः सँग सवन्वय गरिनेछ । साथै नेपाल टेलिकमलाई बक्यौता नतिर्ने उपर कडा करवाहीको लागी गाउँपालिकाबाट निर्णय गरी सम्बन्धित निकायमा सिफारिस गरिने छ।

८. यस क्षेत्रमा रहेका दलित,अपाङ्ग,महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइने छ।लैगिक बिभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ । उनीहरुलाई समाजको मुल धारमा ल्याउने,घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने ,आफुले संविधान तथा कानुन बमोजिम पाउने हक अधिकारबारे जानकारी पाउने लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।अबको बिकाश आपाङ्गमैत्रि,बालमैत्रि,महिलामैत्रि बनाउने तर्फ निती अङ्गिकार गरिनेछ। अपाङ्गता भएका बालबालिका

लागि विद्यालयमा छात्रवृत्ति दिने,आपाङ्गहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजि गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ।दलित समुदायलाइ गरिदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु संचालनमा ल्याइनेछ साथै आदिवासी, जनजाती,लोपोन्मुख समुदाय तथा दलितहरुलाई समेत विकाशको मुल आधारमा ल्याउन पहल गरिनेछ।

९.सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ।यस कार्यक्रम संघिय सरकारमार्फत संचालन हुने भएतापनि लाभग्राहीहरुको विवरण अनलाईन अद्यावधिक गर्नका साथै सामाजिक सुरक्षा रकम समयमै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

१०.गाउँपालिका भित्रका जन्तालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागी पहल गरिनेछ। खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपल्बध गराउन खानेपानी आयोजनाहरु संचालन गरिनेछ।साविक खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालयमार्फत सञ्चालनमा रहेको बहुवर्षिय आयोजनाहरुलाइ तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ।फोहोरमैला व्यवस्थापन ,खानेपानी शद्धीकरण गरेर मात्रै पिउने,सरसफाईमा ध्यान दिने,संस्कारको विकाश गर्ने तथा यस सम्बन्धमा सफा र स्वच्छ खानपान ,मड्केचुलाको स्वाभिमान नारालाइ मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ।

११.यस क्षेत्रको जिवनबुटिको रुपमा रहेको महत्वपुर्ण जडिबटी संकलन कार्यलाइ थप व्यवस्थित गर्ने तर्फ पहल गरिनेछ।यार्सागुम्बाको व्यवस्थित बजारको खोजीगर्ने र उचित मुल्य प्राप्त गर्नका लागी पहल गरिनेछ।यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन,प्रशोधन र बजारीकरणका लागी विभिन्न निकायहरुसँग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ ।

१२. मुड्केचुला पछाडी पर्नाका एक महत्वपुर्ण कारण शिक्षा क्षेत्रमा पछाडी पर्नु हो।यस क्षेत्रका समुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुलाई विद्यालयमा नै टिकाईराख्न विविध कार्यक्रमहरु ल्याइनेछ।विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय क्षेत्रभित्र ल्याउनका लागी भर्ना कार्यक्रमहरु,अभिभावका लागी जनचेतना कार्यक्रमहरु ल्याइनेछ।शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको छ।विद्यालय क्षेत्र विकाश कार्यक्रम ,सबैका लागी शिक्षा,जिवन पर्यान्त शिक्षा,प्रौढ शिक्षा ,चेलिबेटी शिक्षा,युवा शिक्षा,लगायतका कार्यक्रमहरु अगाडी ल्याइनेछ।बालबालिकाका लागी आउने दिवा खाजा कार्यक्रम,बालमैत्री स्थानिय शासन कार्यक्रम लगायत बालमैत्री विद्यालय,खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुहरुलाई समावेश गर्दै लगिनेछ।विद्यालयको पुर्वाधार विकाश ,वैदेशिक अनुदानलाई गाउँपालिका मार्फत ल्याउने ,शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिबद्धतामा बृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ ।

१३. जहाँका जनता स्वस्थ्य हुन्छन,त्यस ठाउँको विकाश छिटो हुन्छ भन्ने मान्यतालाई आत्मज्ञात गर्दै यस क्षेत्रमा स्वस्थ्य सेवा अभिबृद्धि गर्नेतर्फ पहल गरिनेछ। गाउँपालिका क्षेत्रभित्रमा रहेका स्वस्थ्य चौकीहरुको गुणस्तर बृद्धि गर्न पहल गर्नुका साथै स्वस्थ्यकर्मीको बसाइलाई टिकाईराख्न उचित कार्यक्रमहरु ल्याइनेछ ।नेपाल सरकारको नागरिक स्वस्थ्य बिमा कार्यक्रम ,म स्वस्थ्य मेरो गाउँपालिका स्वस्थ्य जस्ता कार्यक्रमहरु आगाडी ल्याइनेछ । स्वस्थ्य कार्यालयको संरचना समेत यस कार्यालयमा आउने प्रतिबद्धता  भइसकेकोले

उक्त स्वस्थ्य कार्यालय मार्फत भएका सम्पुर्ण कार्यक्रमहरुहरुलाई अक्षरसः पालना गरिनेछ।गाउँपालिकालाई पुर्ण खोपयुक्त,पुर्ण सरसफाईयुक्त बनाउनका साथै बालमृत्युदर तथा मातृमृत्यु दर घटाउन महिला स्वमसेविकाहरु परिचालन ,ग्रा.स्व.का.हरु परिचालन गर्न थप पहल गरिनेछ युवायुवतीहरुको लागी यौन तथा एच.आई.भि.एड्स शिक्षा ,सरुवा रोगहरुको नियन्त्रणका लागी प्रचारप्रसार लगायतका कार्यक्रमहरु संचालन गरीनेछ ।

१४.यस गाउँपालिकाका क्षेत्रमा बैंक तथा बित्तिय संचालनमा छैनन्। आ.व. ०७५।०७६ मा नेपाल राष्ट्र बैंकको निति यस गाँउपालिकामा रही सेवा गर्न तोकिएको राष्टिय बाणिज्य बैंक अविलम्ब स्थापना गर्ने तर्फ काम अगाढी बढाईनेछ । साथै गाउँस्तरमा विभिन्न समुहमार्फत बचत गर्ने बानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानिय स्तरमा सहकारी समुहहरु गठन गर्ने निती लिइनेछ।वचत बृद्धि,पुँजि निमार्ण,ऋण परिचालन मार्फत आम जन्ताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

१५. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवा प्रभाविकारिकता,गुनासो व्यवस्थापन, सर्वजानिक सुनुवाई, सामाजिक परिक्षण ,नागरिक वडा पत्र,सुचनाको हकको प्रत्याभुमि,पारदर्शिता,जवाफदेहिता,भष्ट्रचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिबृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन लागिनेछ ।

१६. यस गाउँपालिका तथा अन्तरगत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारीहरु सधैं बस्ने ,गाउँवासीको पीरमर्का सुन्ने,जन्ताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागी तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ। बिकट भौगालिक क्षेत्रमा आई काम गर्नु पर्ने बाध्यता भएकोले यथासक्य प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल गरिनेछ ।

१७.यस गाउँक्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ,सक्रिय जनसंख्याको हिस्सा उच्च हुदाँपनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिंदा एकातर्फ गरिवी न्युनिकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोतसाधनको समुचित परिचालन नसकेको तीतो यथार्थ हाम्रो सामु छ।
युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिवी न्युनिकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने,खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ ।

१८.जलवायु परिर्वतनले विश्लाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिलाई प्रोत्साहन गरिनेछ ।जलवायु अनुकुलित विकास कार्याक्रमहरु सञ्चालन गरी दरिलो अर्थतन्त्रको प्रवर्द्धन गरिने छ साथै वृक्षारोपन कार्यलाई तदारुकताका साथ सञ्चालन गरिने छ।बोट बिरुवाहरु काट्न नदिने,वनक्षेत्र बिस्तार कार्यक्रमहरु सञ्चालन गर्ने ,जंगली जीवजन्तुको अवैध हत्या,चोरी सिकारी तथा हाडखोरको अवैध निकाशीलाई रोक्न सुरक्षा निकायसँग सहकार्य गरी कडा कानुनी कारवाहीको व्यवस्था गरिनेछ।वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका बिषयमा कार्यक्रमहरु संचालन गरिनेछ। प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम संचालन गर्ने,नदी नियन्त्रण ,जलाधार संरक्षण,फोहोरमैला व्यवस्थापन ,जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका बिषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।

१९.यस आ.व.मा हामीले गरेका विकास कार्यको अनुभवबाट कुटो कोदालोले सडक निर्माण गर्न नसकिने देखिएकोले यस गाँउ पालिकाको सम्पत्तिका रुपमा विकास कार्यको प्रयोजनका लागि डोजर खरिदका लागि प्रयास गरिनेछ ।

२०.यी माथी उल्लेखित नीति, उध्येश्य पुर्ति गर्न विभिन्न ऐन, नियम, नियमावली, कार्यविधि, निर्देशिकाहरुको अति आवश्यक भएकोले यसै सभाद्धारा निर्माण गरि यसै आ.व. देखि कार्यान्वयनमा ल्याईने छ ।

२१. यस वर्षलाई मुड्केचुला गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ।

धन्यवाद!!!

**मुड्केचुला गाउँपालिकाको आर्थिक ऐन**

मुड्केचुला गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना मुड्केचुला गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने ,छट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम मुड्केचुला गाउँसभाले ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः(१) यो ऐनको नाम "आर्थिक ऐन ,२०७५" रहेको छ ।

(२)यो ऐन २०७५ सालको साउन १ गतेबाट मुड्केचुला गाउँपालिका क्षेत्रमा लागु भएको छ।

२.**सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनसचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमि कर** : गाउँपालिका क्षेत्रभित्र अनसचि (२) बमोजिम भुमि कर लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** :गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी परै आशिंक तवाले दिएकोमा अनसचि (३) बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५.**व्यवसाय कर** :गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनसचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६.**जडिबुटी,कवाडी र जन्यजन्तु कर** :गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाल उन ,खोटो ,बनकस ,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकको मृत वा मारिएका जीवजन्तुको हाड,सिङ्ग,प्वाँख ,छाला जस्ता वस्तुको कारोवार गरेवापत अनसचि (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७.**सवारी साधन कर** :गाउँपालिका  क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनसचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८.**विज्ञापन कर** :गाउँपालिका  क्षेत्रभित्र हुने विज्ञापनमा अनसचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९.**मनोरञ्जन कर** :गाउँपालिका  क्षेत्रभित्र हुने मनोरञ्जन मा अनसचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क** :गाउँपालिका  क्षेत्रभित्र आफुले निमार्ण,रेखदेख वा संचालन गरेका अनसचि ( ९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ।

११.**पाकिङ शुल्क** :गाउँपालिका  क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ सुविधा उपलव्ध गराए वापत अनसचि (१०) बमोजिम पाकिङ शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्गशुल्क** :गाउँपालिका  क्षेत्रभित्र ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्ग व्यवसाय संचालन गरेवापत अनसचि (११) बमोजिम शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर** :गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसुचि ( १२) मा उल्लेखित त स्थानिय पुर्वाधार र उपलव्ध गराइएको सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भएअनुसार सेवा शुल्क दस्तुर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** :गाउँपालिका  क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट  अनसचि (१३) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५.**कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको छुट दिइने छैन ।

१६.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि** :यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।

आ.ब. ०७५।०७६

| सि.न. | संकेत नं | विवरण | ब्याख्या | गत आ.ब. ०७३।०७४ मा लगाईएको यर्थात करको दर | चालु आ.ब. २०७४।०७५ मा प्रस्ताविक करको दर | आ.ब.०७५।०७६ मा अनुमानित करको दर | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १ | ११३०० | **सम्पति कर** | **सबै प्रकारको सम्पत्तिमा लाग्ने कर यसमा पर्दछ। शीर्षकमा रकम जम्मा गर्न मिल्दैन** | | | | |
| | १ | विस लाख सम्म | | ० | नलाग्ने | नलाग्ने | |
| | २ | तीस लाख सम्म | | ० | ५०० | ५०० | |
| | ३ | पचास लाख सम्म | | ० | १००० | १००० | |
| | ४ | एक करोड सम्म | | ० | १ प्रतिशत | १ प्रतिशत | |
| | ५ | एक करोड भन्दा माथि | | ० | १ प्रतिशत | १ प्रतिशत | |
| २ | ११३१४ | मालपोत भुमि कर | भूमीको स्वामित्व बापत नियमित रुपमा तिर्नुपर्ने कर यसमा पर्दछ। | ० | प्रति रोपनी रु २५ | प्रति रोपनी रु २५ | |
| | | ब्यबसाय कर | | | | | |
| | २ | चुरोट | | | रु २०प्रति प्याकेट | रु २ प्रति प्याकेट | |
| | २ | रक्सी | | ० | रु २० प्रति बोटल | रु २५ प्रति बोटल | |
| ४ | | **विज्ञापन कर** | | | | | |
| | १ | विज्ञापन कर एक रंग | | ० | रु १०० प्रति वर्गफित | रु १०० प्रति वर्गफित | |
| | २ | विज्ञापन कर दुई रंग | | ० | रु २०० प्रति वर्गफित | रु २०० प्रति वगफित | |
| | ३ | विज्ञापन कर तीन रंग | | ० | रु ३०० प्रति वर्गफीत | रु ३०० प्रति वर्गफीत | |
| | | | | | | | |
| ५ | ११३१० | **अचल सम्पतिमा लाग्ने कर** | सबै प्रकारको सम्पतिमा लाग्ने कर यसमा पर्दछ। इा मुल शीर्षमा रकम | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा गर्न मिल्दैन । | | | | |
| | १ | रु पाँच हजार देखि एक लाख सम्म | | ० | रु ५०० | रु ५०० | |
| | २ | रु एक लाख देखि तीन लाख सम्म | | ० | रु ५०० | रु ५०० | |
| | ३ | रु तीन लाख देखि पाँच लाख सम्म | | ० | रु १५०० | रु १५०० | |
| | ४ | रु पाँच देखि दश  लाख सम्म | | ० | रु ३००० | रु ३००० | |
| | ५ | रु दश लाख देखि पचास लाख सम्म | दश | ० | रु ८००० | रु ८००० | |
| | ६ | पाचास लाख देखी एक करोड सम्म | | ० | रु १०००० | रु १०००० | |
| ६ | १४२४३ | **सिफारिस दस्तुर** | **स्थानिय तह द्धारा सिफारिस गरेबापत उठाईएको दस्तुर यसमा पर्दछ ।** | | | | |
| | १ | घरको बाटो तथा अंश बन्डा सिफारिस | | ० | रु ५०० | रु ५०० | |
| | २ | नागरिता सिफारिस | | ० | रु १०० | रु १०० | |
| | ३ | नागरिता प्रतिलिपि सिफारिस | | ० | रु १०० | रु १०० | |
| | ४ | पिछडिएको छेत्र सिफारिस | | ० | रु ५० | रु ५० | |
| | ५ | चार किल्ला प्रमाणित सिफारिस | | ० | रु ५०० | रु ५०० | |
| | ६ | घर जग्गा मुल्याकंन सिफारिस | | ० | रु १००० | रु १००० | |
| | ७ | योजना सम्झौता सिफारिस | | ० | रु ५०० | रु ५०० | |
| | ८ | योजना भुक्तानी सिफारिस | | ० | रु ५०० | रु ५०० | |
| | ९ | नाम थर संसोधन सिफारिस | | ० | रु २०० | रु २०० | |
| | १० | उद्योग दर्ताको लागी सर्जमिन(साना) | | ० | रु ५०० | रु ५०० | |
| | ११ | उद्योग दर्ताको लागी सर्जमिन(ठुलो) | | ० | रु १००० | रु १००० | |
| | १२ | स्थायी ठेगाना प्रमाणित सिफारिस | | ० | रु १०० | रु १०० | |
| | १३ | स्थायी ठेगाना वडा प्रमाणित सिफारिस | | ० | रु १०० | रु १०० | |
| | १४ | जग्गा दर्ता सिफारिस प्रतिरोपनी | | ० | रु ५० | रु ५० | |
| | १५ | राजिनामा बकस पत्र सिफारिस | | ० | रु २०० | रु २०० | |
| | १६ | उद्योग स्थापना सिफारिस नामसारी सिफारिस | | ० | रु ५०० | रु ५०० | |
| | १७ | पशु पालन सिफारिस प्रति गोटा | | ० | रु १० | रु १० | |
| | १८ | गैर सरकारी संस्था क्लब दर्ता सिफारिस | | ० | रु १००० | रु १००० | |
| | १९ | कृषि फर्म दर्ता सिफारिस | | ० | रु ५०० | रु ५०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | १४२४५ | **नाता प्रमाणित दस्तुर** | **स्थानिय तह द्वारा नाता प्रमाणित गरेबापत उठाईएको दस्तुर यसमा पर्दछ।** | ० | **रु २००** | **रु २००** | |
| ८ | १४२४४ | **ब्यक्तिगत घटना दर्ता दस्तुर** | **स्थानिय तह द्वारा ब्यक्तिगत घटना दर्ता गरे बापतको दस्तुर यसमा पर्दछ।** | | | | |
| | १ | जन्म दर्ता शुल्क | | ० | रु ५० | रु ५० | |
| | २ | मृत्यु दर्ता शुल्क | | ० | रु ५० | रु ५० | |
| | ३ | विवाह दर्ता शुल्क | | ० | रु १०० | रु १०० | |
| | ४ | बसाईसराइ | | ० | रु १०० | रु १०० | |
| | ५ | सम्बन्ध विच्छेद | | ० | रु ५०० | रु ५०० | |
| | ६ | पञ्जिकरण प्रतिलिपी | | ० | रु १०० | रु १०० | |
| ९ | | **होटल तथा रेष्टुरेन्ट** | | ० | | | |
| | १ | सामान्य चिया पसल | | ० | रु ५०० | रु ५०० | |
| | २ | सामान्य खालको होटल | | ० | रु १००० | रु १००० | |
| | ३ | मध्यम खालको होटल | | ० | रु १५०० | रु १५०० | |
| | ४ | राम्रो खालको रेष्टुरेन्ट | | ० | रु २००० | रु २००० | |
| | ५ | खाना नास्ता लजिड एण्ड फुडिड | | ० | रु २००० | रु २००० | |
| १० | | **मदिरा पसल** | | ० | रु १५०० | रु १५०० | |
| | १ | खुद्रा विक्री | | ० | रु २५०० | रु २५०० | |
| | ३ | थोक विक्रि | | | | | |
| ११ | | **कुखुरा पालन ब्यवसाय** | | | | | |
| | १ | ५०० भन्दा कम | | ० | रु ५०० | रु ५०० | |
| | २ | ५०० देखि एक हजार सम्म | | ० | रु १००० | रु १००० | |
| | ३ | १००० भन्दा माथि | | ० | रु १५०० | रु १५०० | |
| १२ | | सामान्य स्टेशनरी पसल | | ० | रु १००० | रु १००० | |
| १३ | | कपडा तथा फेन्सि पसल | | ० | रु १५०० | रु १५०० | |
| १४ | | मेडिकल | | ० | रु १५०० | रु १५०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | ११४७२ | **विज्ञापन कर** | **विज्ञापन होडिङ बोर्ड आदिमा लाग्ने कर यसमा पर्दछ विध्युतिय तथा छापा माध्यम बाट हुने विज्ञापन सम्बन्धि सवै प्रकारको कर यसमा पर्दछ ।** | | | | |
| | १ | प्रति होडिङ बोर्ड | | ० | रु ५०० | रु ५०० | |
| १६ | १४२४९ | **अन्य दस्तुर** | | | | | |
| | | कर्मचारी भर्ना दस्तुर | | | | | |
| | १ | अधिकृत स्तर भन्दा माथि | | ० | रु १००० | रु १००० | |
| | २ | ना.सु.स्तर भन्दा तल | | ० | रु ५०० | रु ५०० | |
| १७ | | कृषि अनुदान विरुवाको लागि निवेदन शुल्क | | ० | रु ५० | रु ५० | |
| १८ | | कृषि अनुदान सिचाई निवेदनको लागी | | ० | रु १०० | रु १०० | |
| १९ | | कृषि अर्न्तगत अन्य निवेदन दस्तुर | | ० | रु ५० | रु ५० | |
| २० | | विदेश जानको लागी सिफारिस | | ० | रु ८०० | रु ८०० | |
| २१ | | विदेश जानको लागी तेस्रो मुलुक सिफारिस | | ० | रु १२०० | रु १२०० | |
| २२ | | **खानेपानी विध्युत टेलिफोन  जडान तथा नामसारी** | | | | | |
| | १ | आवसिय | | ० | रु १५० | रु १५० | |
| | २ | ब्यवसाय | | ० | रु ५०० | रु ५०० | |
| २३ | | **पेन्सन पट्टा सिफारिस** | | | | | |
| | १ | स्वदेश | | ० | रु ५०० | रु ५०० | |
| | २ | विदेश | | ० | रु १००० | रु १००० | |
| २४ | | **आय स्रोतको प्रमाणित** | | ० | कुल आयको १ प्रतिशत | कुल आयको १ प्रतिशत | |
| २५ | | **विध्यालय अपग्रेड** | | | | | |
| | १ | नि.मा. वि.सम्म | | ० | रु २००० | रु २००० | |
| | २ | मा.वि सम्म | | ० | रु ३००० | रु ३००० | |
| | ३ | उ.मा.वि. सम्म | | ० | रु ५००० | रु ५००० | |
| २६ | | **नक्सा पास दस्तुर** | **स्थानिय तह द्वारा नक्सा पास बापत उठाईएको दस्तुर** | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | | **पार्किङ शुल्क** | **स्थानिय तह द्धारा स्थानिय रुपमा उठाईने पार्किङ शुल्क यसमा पर्दछ ।** | | | | |
| २८ | ११३२१ | **घर बाहल कर** | **स्थानिय तहको छेत्र भित्र रहेका स्थानिय संरचना हरु भडामा लगाउदा प्राप्त आयमा लाग्नृ कर यसमा पर्दछ ।** | | | प्रचलित नियमानुसार | |
| २९ | ११३२२ | **बहाल विटौरी कर** | | | | सम्झौता अनुसार | |
| ३० | १४५२२ | **साना सवारी कर** | | | | रु १० | |

<u>**मुड्केचुला गाउँपालिकाको विनियोजन ऐन,२०७५**</u>

# मुड्केचुला गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

<u>**प्रस्तावनाः**</u> मुड्केचुला गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मुड्केचुला गाउँसभाले मिति २०७५।०३।१० मा यो ऐन बनाएको छ ।

१.<u>**संक्षिप्त नाम र प्रारम्भः**</u> **(१)**यस ऐनको नाम " मुड्केचुला गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.<u>**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**</u>: (१)आर्थिकवर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखा ले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथी उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तियव्यवस्थाको रकम समेत गरी शषर्त तर्फको बजेट रकम बाहेक जम्मा रकम रु९६१४६०००।०० (अक्षेरुपी नौ करोड एकसठ्ठी लाख छयालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>**विनियोजनः**</u> **(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त मुड्केचुला गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

### (दफा२ संग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम
### संञ्चितकोषबाट विनियोजन

**मुड्केचुला गाउँपालिकाको बजेट विनियोजन :-**

| सि.नं | शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| **१.** | गाउँपालिका पुजिगत तर्फ<br>प्रदेश सरकारबाट | ६००००००००<br>४८३९००० | आ.व.०७४।०७५ मा छुट्याईएको पुँजिगत खर्च रकम खर्च हुन नसकी बचत हुन आएमा आ.व.०७५।०७६ मा उक्त रकम समेत यसै शिर्षकमा खर्च हुने । |
| २. | गाउँपालिका चालुतर्फ<br>प्रदेश सरकारबाट | ३१२२२०००<br>८५००० | आ.व.०७४।०७५ मा छुट्याईएको चालु खर्च रकम खर्च हुन नसकी बचत हुन आएमा आ.व. ०७५।०७६ मा उक्त रकम समेत यसै शिर्षकमा खर्च हुने । |
| ३ | विषयगत कार्यालयतर्फ | | |
| ३. | आन्तरिक श्रोत | ५०००००।- | लक्ष्य राखिएको |
| **कुल जम्मा** | | ९६६४६००० | |

अनुसुचि १

दिग्दर्शनको दफा ५.१.१. संग सम्बन्धित

आय तथा व्ययको प्रक्षेपण

आ.ब. २०७५।०७६

| शीर्षक | | आ.ब.०७३।०७४ को यथार्त | आ.ब. २०७४।०७५ को संशोधित अनुमान | आ.ब. २०७५।०७६ को अनुमान |
|---|---|---|---|---|
| | | | | |
| **राजस्व** | | | | |
| १ | **आन्तरिक राजस्व** | | | |
| १.१ | एकिकृत सम्पति कर | ० | ० | ० |
| १.२ | घर जग्गा बाहाल कर | ० | ० | ० |
| १.३ | व्यवसाय कर | ० | ० | ० |
| १.४ | बहाल विटौरी शुल्क | ० | ० | ० |
| १.५ | जडिबुटी कवाडी र जीवजन्तु कर | ० | ० | ० |
| १.६ | सेवा शुल्क | ० | ० | ० |
| १.७ | भुमिकर/मालपोत | | | |
| १.८ | खुद सम्पतिमा लाग्ने कर | | | |
| १.९ | व्यवसाय रजिष्टेशन दस्तुर | | | |
| १.१० | कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर | | | |
| १.११ | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | | | |
| १.१२ | अखेटो पहारमा | | | |

| | | | | |
|---|---|---|---|---|
| | लाग्ने कर | | | |
| १.१३ | दस्तुर | | | |
| १.१४ | पार्किङ्ग शुल्क | | | |
| १.१५ | नक्सा पास दस्तुर | | | |
| १.१६ | सिफारिस दस्तुर | | | |
| १.१६ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | |
| १.१८ | नाता प्रमाणित दस्तुर | | | |
| १.१९ | अन्य दस्तुर | | | |
| १.२० | साना सवारी कर | | | |
| १.२१ | अन्य | ० | ० | ० |
| | **जम्मा** | | | ३००००० |
| | **राजस्व बाँडफाड** | | | |
| २.१ | मूल्य अभिवृदि कर तथा अन्त: शुल्क | ० | ० | ० |
| २.२ | प्राकृतिक स्रोतको रोयल्टी | ० | ० | ० |
| २.२.२ | विधुत | ० | ० | ० |
| २.२.३ | वन | ० | ० | ० |
| २.२.४ | खानि तथा खनिज | ० | ० | ० |
| २.२.५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० |
| | | | | |
| ३ | **वित्तिय हस्तान्तरण** | | | |
| ३.१ | **नेपाल सरकार बाट हुने अनुदान** | | | |
| ३.१.१ | वित्तिय समानिकरण अनुदान | १००००००० | १०००००००० | ६००००००० |
| ३.१.१ | राजस्व वाँडफाँड | | ० | ३१२२२००० |
| ३.१.२ | सर्शत अनुदान | ० | ५१५५६००० | ७४७२४००० |

| | | | | |
|---|---|---|---|---|
| ३.१.३ | समपूरक अनुदन | ० | ० | ० |
| ३.१.४ | विशेष अनुदान | ० | ० | ० |
| ३.१.४ | गत आ.व. ०७४।०७५ को अनुमानित अल्या | ० | ० | ५००००००० |
| ३.२ | **प्रदेश सरकार बाट प्राप्त हुने अनुदान** | | | ० |
| ३.२.१ | वित्तिय समानिकरण अनुदान | ० | ० | ४८३९००० |
| | सर्शत अनुदान | ० | ० | ८५००० |
| | समपूरक अनुदन | ० | ० | ० |
| | विशेष अनुदान | ० | ० | ० |
| ४ | **वित्तिय व्यवस्था** | ० | ० | ० |
| ५ | **अन्तर स्थानिय तह साझेदारी** | ० | ० | ० |
| ६ | **अन्य** | ० | ० | ० |
| | **कुल जम्मा** | १०००००००० | १५१५५६००० | १७६१७०००० |

| | | | | |
|---|---|---|---|---|
| **ब्यय तर्फ** | | | | |
| १ | **चालु खर्च** | | | |
| २१११११ | पारिश्रमिक कर्मचारी | | ६८२३००० | ७९५७००० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | | ० | ५२६४००० |
| २११२१ | पोषाक | | २७०००० | ३३१००० |
| २११३१ | स्थानिय भत्ता | | २१९७००० | २१५५००० |
| २१११३ | मंहगी भत्ता | | २१६००० | ५५६००० |
| २११३४ | बैठक भत्ता | | ० | २२५४००० |

| | | | | |
|---|---|---|---|---|
| २११३९ | अन्य भत्ता | | २९१०००० | ५०००० |
| २११४१ | पदाधिकारीको बैठक भत्ता | | | ० |
| २२१११ | पानी तथा विजुली | | ५०००० | ३००००० |
| २२११२ | संचार महशुल | | ३००००० | ५००००० |
| २२११२ | इन्धन कार्यालय प्रयोजन | | ० | १०००००० |
| २२२२१ | मेशनरी् तथा औजार संचालन तथा संभार खर्च | | ३८०००० | ६००००० |
| २२३११ | मशलन्द तथा कार्यलय सामाग्री | | २७५०००० | २५००००० |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | | ५०००० | ५००००० |
| २२३१४ | इनधन अन्य प्रयोजन | | ४८०००० | ३००००० |
| २२४११ | सेवा तथा परामर्श | | २५०००० | ० |
| २२४१३ | करार सेवा शुल्क | | ० | १२९०००० |
| २२४१९ | अन्य सेवा शुल्क | | ११५०००० | ० |
| २२५११ | कर्मचारी तालिम खर्च | | ३५०००० | ५००००० |
| २२५२२ | कार्यक्रम खर्च | | १६००००० | १६००००० |
| २२६११ | अनुगमण मुल्यांकन खर्च | | १९९०००० | २०००००० |
| २२६१२ | भ्रमण खर्च | | ८१०००० | ९००००० |
| २२७११ | विविध खर्च | | २११४००० | २०००००० |
| २२७२१ | सभा संचालन खर्च | | ० | ५००००० |
| २८१४२ | घर भाँडा | | ३१०००० | ३५०००० |
| **जम्मा रू** | | | **२५००००००** | ३३४०७००० |
| राजस्व बाँडफाँडको पुजीँगत तर्फ | | | | |
| | जग्गा | ० | ० | ० |
| | भ्वन | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | फनिर्चर | ० | ० | ५०००० | |
| | सवारी साधन | ० | ० | ० | |
| | मेशनरी औजार | ० | ० | ७००००० | |
| | सार्वजनिक निर्माण | ० | ० | ० | |
| | पुजिंगत अनुसन्धान तथा परामर्श | ० | ० | २०००००० | |
| | अन्य | ० | ० | ० | |
| | जम्मा | ० | ० | ० | |
| | वित्तिय व्यवस्था भुक्तानी | ० | ० | ० | |
| | जम्मा | ० | ० | ० | |
| | बजेट बचत ⁄न्यून | ० | ० | ० | |
| | ऋण | ० | ० | ० | |
| | आन्तरिक | ० | ० | ० | |
| | बाह्य | ० | ० | ० | |
| | गत बर्षको मौज्दात | ० | ० | ० | |
| | **कुल जम्मा** | ० | ० | ३२००००० | |

वित्तिय समानिकरण व्यय निर्धारित वडागत वजेट सिमा भित्रको आयोजनाको विवरण

| प्रथामिकतको क्र.सं | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यन्वयन विधि | लाभांन्वित जनसंख्या | आवधिक योजनाको रणनीति संग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| **आर्थिक विकास** | | | | | | |
| १ | शिव मन्दिर देखी मुड्केचुला पदमार्ग | वडा नं.६ | ५००००० | उपभोक्ता समुह | | |
| २ | इल स्वास्थ्य चौकी घेरवार | वडा नं.४ | १०००००० | उपभोक्ता समुह | | |
| ३ | गारापानी बृक्षारोपण,घेरवार, सिचाई | वडा नं.२ र ३ | १४००००० | उपभोक्ता समुह | | |
| ४ | बहुउदेश्यि सहकारी संस्था नर्कु | वडा नं.४ | ५००००० | संस्था | | |
| ५ | माछापालन | वडा नं.१ | १२००००० | समुह | | |
| ६ | कुखुरा पालन | वडा नं.१ | ४००००० | समुह | | |
| | जम्मा रु | | ५०००००० | | | |
| **सामाजिक विकास** | | | | | | |
| १ | जनमुक्ति यूवाक्लव खेल मैदान | वडा नं.१ | ६००००० | उपभोक्ता समुह | | |
| २ | मुलवारा मन्दिर निर्माण | वडा नं.१ | ४००००० | उपभोक्ता समुह | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | कालिका मा.वि घेरवार | वडा नं.२ | ७००००० | उपभोक्ता समुह | | |
| ४ | सहनशिल बालक्लव भवन निर्माण | वडा नं.३ | ४००००० | उपभोक्ता समुह | | |
| ५ | पत्येक घरमा ग्याँस सिलिण्डर तथा चुला वितरण | वडा नं.३ | ७५५००० | उपभोक्ता समुह | | |
| ६ | प्रत्येक घरमा ग्याँस सिलिण्डर तथ चुला वितरण | वडा नं.४ | ११००००० | उपभोक्ता समुह | | |
| ७ | शिव मन्दीर निर्माण | वडा नं.५ | ५००००० | उपभोक्ता समुह | | |
| ८ | मालिका मा.वि.छात्रावास भवन | वडा नं.६ | १५००००० | उपभोक्ता समुह | | |
| ९ | भुवानी मन्दीर निर्माण दलितटोल | वडा नं.६ | २००००० | उपभोक्ता समुह | | |
| १० | गाँउ खानेपानी धारा मर्मत ब्यवस्थापन | वडा नं.७ | १०००००० | उपभोक्ता समुह | | |
| ११ | सेपाने तिर्थस्थल मन्दिर घेरवार | वडान ७ | ४००००० | उपभोक्ता समुह | | |
| १२ | रारा नि मा वि घेरवार | वडा नं.८ | ८००००० | उपभोक्ता समुह | | |
| १३ | कैलाश प्रावि घेरवार | वडा नं.८ | ५००००० | उपभोक्ता समुह | | |
| १४ | भुमे थान मन्दिर निर्माण | वडा नं.८ | १५०००० | उपभोक्ता समुह | | |
| १५ | चन्दननाथ आधारभुत विधालय घेरवार | वडा नं.९ | ९००००० | उपभोक्ता समुह | | |
| १६ | मस्टा भवानी मन्दिर | वडा नं.९ | ४००००० | उपभोक्ता समुह | | |
| | जम्मा रु | | १०३०५००० | | | |
| | | | | | | |

| पुर्वाधार विकास | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| १ | रातापानी पिपिन्यारा खाली सिचाई | वडा नं.१ | ५००००० | उपभोक्ता समुह | | |
| २ | विधुत फलामे पोल खरिद तथा ढुवानी | वडा नं.१२३ | १५००००० | उपभोक्ता समुह | | |
| ३ | वाईगाँउ खा पा मर्मत | वडा नं.१ | २००००० | उपभोक्ता समुह | | |
| ४ | छिमा घेरवार | वडा नं.२ | ८००००० | उपभोक्ता समुह | | |
| ५ | सुधारिएको चुलो | वडा नं.२ | ३५०००० | उपभोक्ता समुह | | |
| ६ | महिला विकास भवन | वडा नं.२ | १००००० | उपभोक्ता समुह | | |
| ७ | सिचाई गौरीपाखा | वडा नं.३ | ५००००० | उपभोक्ता समुह | | |
| ८ | घोरा गोठ चिउढुगाँ सिचाइ | वडा न ३ | ३००००० | उपभोक्ता समुह | | |
| ९ | घौपानी मारे खानेपानी | वडा नं.३ | ५००००० | उपभोक्ता समुह | | |
| १० | सुन्तला अनार कि.वि. फाराम मा सिचाई माइधारा | वडा नं.४ | १२००००० | उपभोक्ता समुह | | |
| ११ | वडा को शौचालय | वडा नं.४ | १००००० | उपभोक्ता समुह | | |
| १३ | डाँफे प्रा वि को २ कोठे भवन निर्माण घेरवार | वडा नं.५ | १२००००० | उपभोक्ता समुह | | |
| १४ | तिल्चुचा मुहानबाट फुलु सिचाई | वडा नं.५ | १५००००० | उपभोक्ता समुह | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | महादेव र मष्टा मन्दिरको फिल्ड निर्माण | वडा नं.६ | ६००००० | उपभोक्ता समुह | | |
| १७ | खादुखोला देखी उपल्लो खादु घो वा मर्मत | वडा नं.६ | ३००००० | उपभोक्ता समुह | | |
| १८ | विजुली पोल खरिद र ढुवानी | वडा नं.७ | ३०००००० | उपभोक्ता समुह | | |
| १९ | पाले मुरेली खोला काठेपुल निर्माण | वडा नं.७ | ५००००० | उपभोक्ता समुह | | |
| २० | खाध भवन निर्माण | वडा नं.७ | ९००००० | उपभोक्ता समुह | | |
| २१ | सन्ते देखी निगावारी सम्म घो वा | वडा नं.७ | २००००० | उपभोक्ता समुह | | |
| २२ | कैलाश प्रा वि हुदै गुन्जौली जाने घो वा | वडा नं.८ | ५००००० | उपभोक्ता समुह | | |
| २३ | ओक्ट लेकवस्ती हुदै सिमलाग्ना गामिण सडक | वडा नं.८ | १०००००० | उपभोक्ता समुह | | |
| २४ | मारिगार देखि गाउँ हुदै रजिड सम्म गामिण सडक | वडा नं.९ | १०००००० | उपभोक्ता समुह | | |
| २५ | वनपाखा देखि ओखेना सम्म खानेपानी | वडा नं ९ | ७००००० | उपभोक्ता समुह | | |
| २६ | गाउ देखि निपुड सम्म तिर्थस्थल जाने घो.बा. | वडा नं ९ | २००००० | उपभोक्ता समुह | | |
| २७ | | जम्मा रु | १७६५०००० | | | |
| **वातावरण तथा विपद व्यवस्थापन समिति** | | | | | | |
| १ | वृक्षारोपन कार्यक्रम | वडा नं.२ | ३००००० | उपभोक्ता समुह | | |
| २ | इल गाउँको माथि वृक्षारोपन | वडा नं.४ | ३००००० | उपभोक्ता समुह | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | फोहर मैला व्यवस्थापन ढल निकास | वडा नं.७ | ४००००० | उपभोक्ता समुह | | |
| ४ | दैवि पकोप खातामा जम्मा | | १०००००० | **गाउँपालिका** | | |
| **सुशासन तथा संस्थागत विकास** | | | | | | |
| १ | कर्मचारी । पदाधिकारी क्षमता बिकास | गाँउपालिका | ५००००० | गाउँपालिका | | |
| | | जम्मा | ५००००० | | | |

**गाउँपालिका स्तरिय (गौरवको आयोजना,बहुबर्षिय आयोजनाहरु,र दुइ वा सो भन्दा भन्दा वढी वडामा पर्ने आयोजनाहरु**

| प्रथामिकताको क्र.सं | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यन्वयन विधि | लाभांन्वित जनसंख्या | आवधिक योजनाको रणनीति संग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| १ | विरुवा खरिद (स्याउ, सुन्तला कागती टिमुर) | गाउँपालिका | १०००००० | गाँउपालिका | | आर्थिक विकास तर्फ |
| २ | ग्रिन हाउस | गाउँपालिका | १५९५००० | गाँउपालिका | | आर्थिक विकास तर्फ |
| ३ | ल्यावका सामाग्री खरिद | गाउँपालिका | ५००००० | गाँउपालिका | | सामाजिक |
| ४ | औषधी खरिद | गाउँपालिका | ४००००० | गाँउपालिका | | सामाजिक |
| ५ | १४वटा इसिडिलाई शैक्षिक सामाग्री कोठा व्यवस्थापन | गाउँपालिका | ७००००० | गाँउपालिका | | सामाजिक |
| ६ | सिविर संचालन | गाउँपालिका | ५००००० | गाँउपालिका | | सामाजिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | खेलकुद मनोरञ्जन | गाउँपालिका | १५०००००० | गाँउपालिका | | सामाजिक |
| ८ | क्षमता विकास स्वास्थ्य कर्मीलाइ | गाउँपालिका | १००००० | गाँउपालिका | | सामाजिक |
| ९ | क्षमता विकास सामाजिक समावेशीकरण | गाउँपालिका | २०००००० | गाँउपालिका | | सामाजिक |
| १० | एस ई ई का् लागि टिउसन | गाउँपालिका | ३००००० | गाँउपालिका | | सामाजिक |
| ११ | कालिका वडा कार्यालय सौचालय तथा घेरावार | संयक्त वडा का. कालिका | ३००००० | गाँउपालिका | | पुर्वाधार |
| १२ | एफ.एम.रेडियो व्यवस्थापन | गाउँपालिका | १२८९००० | गाँउपालिका | | पुर्वाधार |
| १३ | टेलिफोन टावर व्यवस्थापन | गाउँपालिका | ६००००० | गाँउपालिका | | पुर्वाधार |
| १४ | वडा कार्यालय सर्मि सौचालय | संयक्त वडा का. सर्मि | १००००० | उपभोक्ता समिति | | पुर्वाधार |
| १५ | कालिका र सर्मि विध्युत क्रमागत | गाउँपालिका | १०००००० | उपभोक्ता समिति | | पुर्वाधार |
| १७ | दैवि पकोप खातामा जम्मा | गाउँपालिका | १०००००० | गाँउपालिका | | वातावरण तथा विपद |
| १८ | स्काभेटर (डोजर ब्रोकेट समेत)खरिद | गाउँपालिका | १५०००००० | गाँउपालिका | | पुर्वाधार |
| १९ | डि पि आर होर्त देखी भालु लेख | गाउँपालिका | ५००००० | गाँउपालिका | | |
| २० | महादेव खोला मोटरबाटो | गाउँपालिका | २०००००० | गाँउपालिका | | |
| | जम्मा रु | | ३०३८४००० | | | |

यस बजेत विनियोजनमा मुड्केचुला गाउँपालिकाको सर्सत अनुदान तर्फको बजेट विषयगत शाखा तर्फको भएकोले सो रकम देहाय बमोजिमको विषयगत शाखामा रकम विनियोजित गरिएको छ ।

| क.सं | खर्च शिर्षक | विषयगत कार्यालयको नाम | बजेट विनियोजन | कैफियत |
|---|---|---|---|---|
| १ | | शिक्षा तर्फ | ५१४४८००० | |
| २ | | स्वास्थ्य तर्फ | १५१७३००० | |
| ३ | | पशु सेवा तर्फ | २७५२००० | |
| ४ | | कृषि तर्फ | २७०८००० | |
| ५ | | महिला विकास तर्फ | ८२७००० | |
| ६ | | वन नविकरण उर्जा | १८१६००० | |
| | जम्मा रु | | ७४७२४००० | |

आज्ञाले
सविता कुमारी रोकाय
गा.पा. उपाध्यक्ष